# गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले र संविधनसभाका अध्यक्षवीच भेट

गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले र संविधनसभाका अध्यक्षवीच भेट
गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घलेले जेष्ठ १९ गते संविधनसभाका अध्यक्ष सुवास नेम्वांगसंग भेट गरि संविधानलेखन प्रकृयामा भइरहेको प्रगति र नेपाली नागरिकताको निरन्तरताको बिषयमा छलफल गर्नु भएको छ । संविधानसभा भवन नयाँ बानेश्वरमा अध्यक्ष घलेले बिश्वमा रहेका नेपालीहरुको प्रमुख चासो र सरोकार अहिले पनि नेपाली नागरिकताको निरन्तरता रहेको बताउँदै यस बिषयमा बिभिन्न राजनीतिक दलका श्रीर्ष नेताहरुको पनि ध्यानाकर्षण गराईएको समेत अवगत गराउनु भयो ।
अध्यक्ष घलेले पहिलो संविधान सभामा सहमती भई दस्तावेज गरिए अनुसार नै गैरआवासीय नेपालीहरुको अधिकारका वारेमा उल्लेख गरिनु पर्नेमा जोड दिनु भयो र यसको लागी पहल गरिदिन सभामूखलाई अनुरोध गर्नु भयो । अध्यक्ष घलेले संघका तर्फबाट यस सम्बन्धि कार्यदल गठन गरिएको र यस बिषयमा अन्य सोकारवाला निकायहरुसंग समेत अन्तक्रिया गर्ने सोच रहेका वताउनु भयो ।
त्यस क्रममा संविधानसभाका अध्यक्ष सुवास नेम्वांगले गैरआवासीय नेपालीलाई प्रदान गरिने नागरिकताको बारेमा आफू पूर्ण जानकार रहेको बताउँदै यसमा आफ्नो तर्फबाट सक्दो सहयोग हुने प्रतिवद्धता ब्यक्त गर्नुभयो । पहिलो संविधानसभाको बेलामा भएको सहमती अनुसार नै अहिले पनि सहमती हनुेमा आफू बिश्वस्त रहेको अध्यक्ष नेम्वांगको भनाई थियो । यसै अवसरमा सभामूखले यस बिषयमा आगामी दिनहरुमा गरिने कार्यक्रमहरुमा उहाँसंग समन्वय गर्न सुझाव समेत दिनु भयो ।
त्यसक्रममा उहाँहरु वीच नेपालमा गैरआवासीय नेपालीहरुले गर्ने लागानीको बारेमा पनि छलफल भएको थियो । एनआरएनहरुले स्वदेशका बिभिन्न भागमा पुगेर त्यस क्षेत्रका बिशेषताहरु पहिल्याई लागनी गर्न अध्यक्ष नेम्वांगले आग्रह गर्नु भयो ।

गैरआवासीय नेपाली संघ सचिवालय,
काठमाण्डौं ।
मिति: २९ जेष्ठ, २०७१ ।